# ‘मौलिक अधिकार खोस्ने कानुन बन्दैन’

**गण्डकी/मस-** सभामुख देवराज घिमिरेले जनताको मौलिक अधिकार खोस्ने गरी संसद्ले कानुन नबनाउने बताएका छन् । प्रेस क्लब गण्डकीद्वारा शनिबार पोखरामा आयोजित कार्यक्रममा उनले लामो समयको संघर्षको जगमा लोकतन्त्र ल्याइएको भन्दै जनताको हित विपरीत कानुन संसद्ले नबनाउने स्पष्ट पारे ।




लोकतान्त्रिक प्रणालीमा प्रेस स्वतन्त्रतालाई अंकुश लगाउने गरी कानुन नबन्ने सभामुख घिमिरेले उल्लेख गरे । अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने गरी संसद्ले कुनै कानुन नबनाउने बताउँदै उनले भने, ‘कानुनको अभावमा धेरै बेथिति बढेका छन्, बेथितिलाई नियन्त्रण गर्न कानुन बनाउने हो, जनताको मौलिक अधिकार खोस्ने गरी कानुन बनाउन सम्भव छैन ।’ गलत कुराहरूको प्रचार रोक्नका लागि कानुन आवश्यक भएको भन्दै उनले सामाजिक सञ्जालमा देखिएको विकृति, विसङ्गतिलाई नियन्त्रण र नियमन गर्न आवश्यक रहेकामा जोड दिए । त्यस्ता विकृतिलाई नियन्त्रण गर्न कानुन बनाउँदा व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको हनन नहुने उनले स्पष्ट पारे ।

पत्रकारिता क्षेत्रको काम समाचार लेख्ने र सम्प्रेषण गर्ने मात्र नभइ हाम्रा प्राप्त उपलब्धिको रक्षा गर्ने, समाजका गतिविध सम्प्रषण गर्ने जिम्मेवारी पनि भएको सभामुख घिमिरेको भनाइ छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी प्रदेशसभा संसदीय दलका नेता खगराज अधिकारीले लोकतन्त्र विरोधी गतिविधि बढिरहेको बताउँदै स्वतन्त्रताका नाममा छाडातन्त्र चलिरहेकोप्रति सबै गम्भीर बन्नुपर्नेमा जोड दिए ।

# साहित्यकार वैद्यको ‘ऋतु’ विमोचन

काठमाडौं/मस-साहित्यकार लक्ष्मीलोचना वैद्यको दोस्रो कृति ‘ऋतु’ एक कार्यक्रममा शनिबार राजधानीको भक्तपुरमा विमोचन गरिएको छ ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर वरिष्ठ समालोचक प्रा.डा. खगेन्द्र लुईटेलको उपस्थितिमा सामाजिक कथामा आधारित उपन्यास ‘ऋतु’ विमोचन कार्यक्रम सम्पन्न गरिएको हो ।

सिर्जना अभियान समाज भक्तपुरका अध्यक्ष धनमान श्रेष्ठ, वरिष्ठ लघुकथाकार ध्रुव मधिकर्मी, सद्भाव थिएटरका संस्थापक निर्देशक तथा नाट्यकर्मी महासंघका उपाध्यक्ष राम के ए सी, बुक्स हिमालय पब्लिकेशनका म्यानेजिङ डाइरेक्टर रोमन शाक्य र म्यार्केटिङ म्यानेजर यज्ञश्वर जोशीसहित प्रा.डा.लुईटेलले संयुक्त रुपमा वैद्यको नयाँ कृति ‘ऋतु’ विमोचन गरिएको हो ।




भक्तपुर दरवार क्षेत्रमा रहेको ख्वःप छैं रेष्टुरेन्टमा आयोजित कार्यक्रममा वरिष्ठ लघुकथाकार मधिकर्मीले स्वागत मन्तव्य दिएका थिए भने राम के ए सीले पुस्तकमाथि चर्चा गरेका थिए । बुक्स हिमालय सानेपा ललितपुरद्वारा प्रकाशित ३७८ पृष्ठको पुस्तकको मूल्य ६५० रुपैयाँ राखिएको छ । लक्ष्मीलोचना वैद्यको ‘ऋतु’ दोस्रो कृति हो । यसअघि ‘नेपाली नाटकको रुपरेखा-२०७४’ नामक पुस्तक प्रकाशित भइसकेको छ ।

उनले ३ हजार ५०० रुपैयाँमा १ डोज पर्ने उक्त खोपको मूल्य हाल ९ हजारसम्म पुऱ्याइएको बारे छानबिन गर्न मागसमेत गरे ।

रेमिटयान्समार्फत मुलुकको अर्थतन्त्र चलायमान भएको अवस्थामा खोपको अभाव वा कालोबजारियाका कारण कामदारले सहज रूपमा पाउन नसक्ने अवस्थाको अन्त्यका लागि स्वास्थ्य मन्त्रालय वा स्वास्थ्य विभागले पर्याप्त ध्यान दिन जरुरी रहेको उनले बताए ।

**सशंकित...**

‘संविधानको खिलाफमा कोही पनि जान सक्दैन’, उनले भने, ‘तर, यो व्यवस्थाका विरुद्ध अबाञ्छित गतिविधिहरू बढेको कुरा सत्य हो। यसमा संघीय लोकतान्त्रिक गणतन्त्रका रक्षक राजनीतिक दलहरूले छलफल गरेर यस्ता गतिविधिलाई रोक्न लाग्नुपर्ने अवस्थाचाहिँ आएको देखिन्छ।’

माओवादी केन्द्रीय समितिको छैटौं पूर्ण बैठकको निर्णयअनुसार गत १२ फागुनदेखि माओवादीले तराई-मधेश केन्द्रित अभियान चलाइरहेको थियो । माओवादीको पूर्वनिर्धारित कार्यक्रमअनुसार २५ फागुनमा बारा, २६ पर्सा, २७ चितवनमा अभियान संचालन हुने तय भएको थियो । यस्तै, २ चैतमा नवलपुर (नवलपरासी पूर्व), ३ चैतमा परासी (नवलपरासी पश्चिम), ४ गते रुपन्देही र ५ चैतमा कपिलवस्तुमा कार्यक्रम गर्ने तय भएको थियो ।

यसरी नै ६ गते दाङ, ७ गते बाँकेमा र ८ गते बर्दियामा अभियान संचालन हुने तय भएकामा सबै कार्यक्रम स्थगित भएको छ । ११ चैतमा कैलाली, १२ चैतमा कन्चनपुरमा कार्यक्रम गर्ने तय भएको थियो । यी सबै कार्यक्रम अब कहिलेदेखि सुरु गरेर कहिले सक्ने भन्नेबारे केन्द्रीय बैठकले छिट्टै मिति तय गर्ने नेताहरूको भनाइ छ ।

मुलुकको पछिल्लो राजनीतिक परिस्थितिलाई मध्यनजर गर्दै बालुवाटारको आग्रहमा माओवादी अभियान स्थगन भएको माओवादी केन्द्रका पोलिटव्युरो सदस्य हिमाल शर्माले बताए । उनले भने, ‘मलाई लाग्छ, बालुवाटारबाटै केही सूचना पठाएकाले माओवादीको अभियान स्थगित गरिएको हुनुपर्छ । माओवादी तराई-मधेशमा अल्झेका बेलामा काठमाडौंमा अरूले कब्जा गर्ने अवस्था आउने हो कि भन्ने कुरालाई ध्यानमा राखेर कार्यक्रम स्थगित भएको हुन सक्छ ।’

केही दिनदेखि संसद्मा समेत दलका नेताहरूले पूर्वराजा शाह केन्द्रित अभिव्यक्ति दिएपछि राजनीतिक बजारमा विभिन्न शंका उपशंकाहरू उब्जिएका छन् । राजसंस्थाको वकालत गर्दै आएको राप्रपाले राजावादी गतिविधि बढिरहेको अवस्थामा उनीहरूको गतिविधिलाई चुनौती दिनेगरी संसदीय र अन्य मोर्चामा पार्टीलाई सक्रिय राख्न हाललाई अभियान स्थगित गर्ने निर्णय भएको माओवादी महासचिव देवप्रसाद गुरुङले बताए । अभियानअन्तर्गत शनिबार रौतहटमा कार्यक्रम सकेर पार्टी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’सहितका नेताहरू काठमाडौं फर्किएका छन् । अभियानलाई केही समय स्थगित गर्दै पार्टीको बैठकपछि संसदीय मोर्चामा सक्रिय रहँदै प्रतिगामी शक्तिहरूको गतिविधिलाई चिर्न लाग्ने उनको भनाइ छ ।

पूर्वराजाले राजनीतिक सक्रियता देखाएको भन्दै प्रधानमन्त्रीसहित सत्तासीन र प्रमुख प्रतिपक्षी दलका शीर्ष नेताले राजनीति गर्ने भए दल खोलेर चुनावमा आउन चुनौती दिइरहेका छन् । शीर्ष दलका नेताहरूको यस्तो अभिव्यक्तिपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले अहिलेका ठूला भनिएका दलसँग लड्न आफूहरू नै काफी रहेको टिप्पणी गरेका छन् ।

**मुख्यमन्त्री...**

र भौतिक पूर्वाधार तथा शहरी विकास राज्यमन्त्री गमता विक १०५ दिन सदनमा उपस्थित भएको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ ।

यस्तै, पूर्वमन्त्री टेकराज पछाईं १०६, जुम्कित लामा कार्की १०२, तुलसा मल्ल १०१, पूर्वमन्त्री दुर्गाबहादुर रावत १०४, मिलन खड्का रोका १०० दिन संसद् बैठकमा उपस्थित भएका छन् ।

यस्तै, पूर्वमन्त्री रणसिंह परियार १०२, सांसद लक्ष्मी सुनार १०२, वलीमाया बुढा १०१, ऊर्जामन्त्री विजया बुढा १०२, पूर्वमन्त्री बेदराज सिंह १०० र सांसद हिक्मतबहादुर विष्ट १०५ दिन संसद् बैठकमा हाजिर भएका छन् ।

**यी सांसद भएनन् १०० दिन पनि उपस्थित**

विभिन्न मन्त्री र सांसदहरूले पनि उल्लेखनीय उपस्थितिका साथ बैठकमा भाग लिएका छन् । केही सांसदले भने १०० दिन पनि सहभागिता जनाएका छैनन्, जसमा पूर्वऊर्जामन्त्री उर्मिला विश्वकर्मा ९३, कलबहादुर हमाल ९५ र कल्याणी खड्का ८७ दिन, सामाजिक विकासमन्त्री घनश्याम भण्डारी ९७ दिन, सांसद जानकी सिंह ८२, पूर्वमन्त्री जितबहादुर मल्ल ९७ र पूर्वमुख्यमन्त्री जीवनबहादुर शाही ६७ दिन सदनमा उपस्थित भएका छन् ।

सधैं बैठकमा उपस्थित हुने शाहीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत साल एउटा पुरानो मुद्दामा प्रतिवादी बनाउँदै विशेष अदालतमा मुद्दा चलाएपछि निलम्बनमा परेका थिए । निलम्बन अवधिबाहेकका बैठकमा उनी सत प्रतिशत उपस्थित छन् । शाहीले उक्त मुद्दामा विशेष अदालतबाट सफाइ पाइसकेका छन् ।

यस्तै, दक्षिणा शाही ९७, पूर्णबहादुर खत्री ९२ दिन, पूर्वमन्त्री वीरबहादुर शाही ९९, पूर्वमन्त्री भीमप्रकाश शर्मा ८५, पूर्वमन्त्री मंगलबहादुर शाही ९३, पूर्वमन्त्री महेन्द्र केसी ९४, पूर्वमुख्यमन्त्री राजकुमार शर्मा ८७, पूर्वमन्त्री विन्दमान विष्ट ९३, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाह ९४, भौतिक पूर्वाधार तथा शहरी विकासमन्त्री शेरबहादुर बुढा ८९, सन्तोषी शाही ७५ र उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री सुरेश अधिकारी ९९ दिन सदनमा हाजिर भएका छन् ।

**कुनकुन...**

५ फागुनमा प्रधानमन्त्री ओलीले उद्घाटन गरेका छन् ।

त्यसअघि २३ असोजमा काठमाडौंको बूढानीलकण्ठमै खुलेको होलिडे इन रिसोर्टको उद्घाटन गरे ।

उद्घाटनमोहबाट प्रेरित प्रधानमन्त्रीले होटलबाहेक हरेक हप्ता कुनै नै कुनै कार्यक्रमको उद्घाटन गर्दै आइरहेका छन् ।

प्रधानमन्त्री ओलीले निकै तामझाका साथ उद्घाटन गरेको दमक नगरपालिका- ३ दापगाछीमा निर्माण गरेको १८ तले बिजनेस कम्प्लेक्स भवन अहिले पनि अलपत्र छ ।

**९९ प्रतिशत...**

विवादित उद्घाटन

प्रधानमन्त्री ओलीले कोरोना महामारीको समयमा ‘थर्मल गन’ काण्डमा मुछिएका व्यवसायी साहिल अग्रवालको होटल हिल्टन उद्घाटन गरेका छन् । साहिलका बुबा शंकर अग्रवालको मुख्य लगानी रहेको नक्साल भगवती मन्दिरसँगैको होटल हिल्टन ओलीले उद्घाटन गरेका हुन् ।

शंकर अग्रवाल धनी रहेको शंकर ग्रुप नेपाल विद्युत् प्राधिकरणको डेडिकेटेड ट्रंक लाइन महसुल भुक्तानी विवादमा पर्दा पछाडिको खेलाडीको रूपमा परिचित छ ।

एउटा कर छलीवाला विवादास्पद होटलको उद्घाटनमा देशको कार्यकारी प्रमुख र विभागीय मन्त्रीहरू पुगेपछि त्यहाँ शक्तिको चलखेल भएको टिप्पणी भएको छ ।

प्रधानमन्त्री ओलीले निश्चित व्यापारिक घरानाका काममा संलग्नता देखाउँदा त्यसबाट कतै न कतै लाभ लिएका हुन सक्छन् भनेर सार्वजनिक रूपमा प्रश्न उठ्नु स्वाभाविक भएको विश्लेषकरूको भनाइ छ । उद्घाटन र शिलान्यासको मोह छाड्न नसक्नेहरूले गर्ने यस्ता कार्यले सरकारको जिम्मेवारी र दायित्व एकातिर तथा सरकार प्रमुखले गर्ने काम अर्कातिर भएको उनीहरूको धारणा छ । ‘त्यसले सरकार र प्रधानमन्त्रीको अनुत्तरदायी र गैरजिम्मेवार छवि निर्माण गर्छ । नभएका काम गरेको भन्ने, नभएका उपलब्धि हासिल गरेको दाबी गर्ने र जनतालाई भ्रम छर्ने काम मात्र भएको छ’, राजनीतिशास्त्रका प्राध्यापक कपिलमणि दाहालले भने ।

**बुझ्दै नबुझी जाादाको परिणाम**

उच्च नेतृत्वलाई राजनीतिक प्रभावमा पार्दा वा सही सन्देश नदिँदाको परिणाम कस्तो हुन्छ भन्ने पुष्टि पोखरास्थित होटल उद्घाटनको कार्यक्रममा देखियो ।

१९ जेठ २०७६ मा पोखराको लेकसाइडस्थित स्विस इन्टरनेसनल होटल सरोवर उद्घाटन गर्न पोखरा पुगेका ओली नराम्रोसँग चुके । त्यतिबेला पनि उनी प्रधानमन्त्री थिए ।

१० तलाको यो होटल भवन मापदण्डविपरीत बनेको छ । होटल संचालक भरतराज पहारी पोखरा महानगरपालिकाको मापदण्ड निर्धारण समितिका संयोजक पनि थिए । पहारी विशेष अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेका व्यक्ति पनि हुन् ।

तर, मापदण्डविपरीत होटल निर्माण भएको आलोचना हुँदाहुँदै पनि प्रधानमन्त्री ओली होटल उद्घाटन गर्न पुगेका थिए ।

संचालक पहारीले प्रधानमन्त्री ओलीलाई थाहै नदिई राजनीतिक प्रभावमा पारेर होटल उद्घाटन गर्न बोलाएका थिए । तर, पछि जब प्रधानमन्त्रीले यो विषय थाहा पाए, उनले होटल उद्घाटन नै नगरी फर्केका थिए ।

प्राध्यापक दाहाल उच्च पदस्थ पदाधिकारीमा कस्तो कार्यक्रममा जाने भन्ने नीति नै नभएको बताउँछन् । राजनीतिक प्रभाव बढेकाले पनि प्रधामन्त्री र मन्त्रीहरूमा उद्घाटन गर्ने मोह बढेको उनको टिप्पणी छ ।

यसअघि तत्कालीन उपराष्ट्रपति नन्दबहादुर पुन पोखराको बुद्धचोकमा मापदण्डविपरीत निर्माण भएको १० तले होटल टास्क इन्टरनेसनलको उद्घाटन गरेर आलोचित भएका थिए ।

आमसभामा भीड देखाउने, उद्घाटन र शिलान्यासमोह, ‘समृद्ध नेपाल : सुखी नेपाली’ जस्ता नारा ओलीले बोकेका छन् ।

**परराष्ट्रमन्त्रीको...**

तर, वैदेशिक रोजगार व्यवसायीले युरोपेली मुलुकमा मागपत्र प्रमाणीकरणका लागि व्यवसायीलाई दस्तुर तिर्न लगाएर मागपत्र प्रमाणीकरण नगरेको र शुल्क पनि फिर्ता नगरेको तथा खाडीका केही मुलुकमा मागपत्र प्रमाणीकरण गर्न झन्झट, पक्षपात र मोलतोल हुने गरेको बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कर्णराज कटुवालले युरोपेली मुलुकमा रहेको मागपत्र प्रमाणीकरणमा समस्या सिर्जना गरेर व्यवसायीलाई सास्ती दिएको अवस्थामा हाल कुवेत र साउदी अरेबियाको कन्सुलेट कार्यालय जेद्दामा मागपत्र प्रमाणीकरणको काम हुन नसकेको बताए ।

कुवेतमा मागपत्र प्रमाणीकरणको जिम्मेवारी पाएका कर्मचारीले रोजगारदाता र व्यवसायीलाई होटलमा बोलाएर मोलतोल गर्ने, सय जनाभन्दा बढीको मागपत्र प्रमाणीकरणका लागि फाइल आएको अवस्थामा रोजगारदातालाई बोलाएर मोलतोल गर्ने, खण्डीकरण गरेर अर्को म्यानपावर कम्पनीका नाममा पनि मागपत्र बनाएर ल्याउन दबाब दिने गरिएको गुनासो व्यापक रूपमा आएको सचिव कटुवालले बताए । साउदी अरेबियाको जेद्दामा भने कम्पनी भ्रमण गर्नुपर्ने, पुराना कामदारको अवस्था बुझ्नुपर्नेजस्ता कारण तेर्स्याएर ढिलाइ गर्ने गरेको पनि उनले बताए ।

परराष्ट्रमन्त्री डा. देउवाले खाडी समन्वय परिषद् (जीसीसी) स्थित नेपाली नियोगका प्रमुखसँग छलफल गरेपछि आमव्यवसायीले मागपत्र प्रमाणीकरणमा लामो समयदेखि रहेका समस्या समाधान हुने अपेक्षा गरेको तर परराष्ट्रमन्त्रीको निर्देशनपछि पनि केही कर्मचारीमा व्यवसायीलाई समस्यामा पार्ने पुरानो प्रवृत्तिमा कमी नआएको सचिव कटुवालले बताए ।

उनले समस्या समाधानका संघले परराष्ट्रमन्त्रीलाई भेटेर लिखित रूपमा आग्रह गर्ने र व्यवसायीलाई अनावश्यक दुःख दिने कर्मचारीको नाम छानबिनका लागि टिपाउने तयारीमा रहेको समेत बताए । सरकारले सय जना कामदार नपठाएको अवस्थामा लाइसेन्स नवीकरण नगरिदिने र लामो समयदेखि मलेसियाको रोजगारी बन्द भएकाले सय संख्या नै पुऱ्याउन धेरै व्यवसायीलाई समस्या भएको अवस्थामा मागपत्र रहेका युरोपेली मुलुकसहित कुवेत राजदूतावास र साउदीको जेद्दा नियोगबाट मागपत्र समयमा प्रमाणीकरण नहुँदा व्यवसायीमा आक्रोश थपिएको मात्र नभई नेपाल आउने राजस्वसमेत गुमेकाले पनि परराष्ट्रमन्त्रीसहित उच्च पदस्थ कर्मचारीको ध्यानाकर्षण गर्न व्यवसायी बाध्य बनेको पनि सचिव कटुवालले टिप्पणी गरे ।

नेपाली नियोगहरूले भने कार्यबोझको तुलनामा दक्ष कर्मचारी तथा उपयुक्त साधन, स्रोतको कमीका बाबजुद अपेक्षित परिणाम ल्याउन काम गरिरहेको बताउने गरेका छन् ।

**साउदी...**

वैदेशिक रोजगार व्यवसायी संघका कार्यबाहक अध्यक्ष डिकबहादुर खत्री (कुमार)ले मध्यान्ह दैनिकलाई बताए ।

एक व्यक्तिबाट सजिलोसँग अर्को व्यक्तिमा फैलिन सक्ने भएकाले साउदी अरेबियाले बढी नै सतर्कताका साथ उक्त खोप लगाए/नलगाएको निगरानी गर्ने गरेको छ । कार्यबाहक अध्यक्ष खत्रीले स्वास्थ्य मन्त्रालय वा स्वास्थ्य विभागले वैदेशिक रोजगारीमा जाने कामदारको बाध्यता र अत्यावश्यकतालाई ध्यानमा राखेर उनीहरूको सहज पहुँचमा खोप पुऱ्याउनुपर्ने माग गरे ।


# साउदीमा रोजगार

कम्पनी : Saudi Petrol & Equipment Est — शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/११/२३ — चलानी नं.: ६०२३४१६४ — LT. NO.: 320032

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 5 | 0 | स. काममा दक्ष | 1800 | ६६,५४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ३ गते (16 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**रोज ओभरसिज प्रा.लि.**
चण्डोल चोक, बंसिधर मार्ग, काठमाडौं, फोन नं. : ४४१२८७४, ४४४६१०५, फ्याक्स : ४४१७२४०
E-mail : roseoverseas@yahoo.com, roseovrs147@gmail.com, Web : www.roseoverseas.com.np
श्रम इजाजत नं. १४७/०५६/०५७



# Khanikhola Rural Municipality
## Office of the Rural Municipal Executive

**Salmechakal, Kavrepalanchok**
**Bagmati Province, Nepal**

## Invitation for Sealed Quotation

**Date of Publication: 2081/11/25 (2025/03/09)**

1. Khanikhola Rural Municipality invites Sealed Quotation from registered suppliers for the procurement of Medicine and Surgical Items.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO egp system www.bolpatra.gov.np/egp and bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document as mentioned in table below in the following bank.
   Name of the Bank: Nepal SBI Bank Ltd.
   Name of Office: Khanikhola Rural Municipality
   GA 1.1 ANTARIK RAJASWA KHATA no .: 43195241207004
3. Electronic bids must be submitted to the office of Khanikhola Rural Municipality through PPMO website www.bolpatra.gov.np./egp on or before 12:00 noon on 2081/12/11 (2025/03/24). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2081/12/11 (2025/03/24) at the office of Khanikhola Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as mentioned below which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the bid amount in Bank:
   Name of the Bank: Nepal SBI Bank Ltd.
   Name of Office: Khanikhola Rural Municipality
   KHANIKHOLA GAUPALIKA GA-3 DHARAUTI KHATA no : 43125240600003
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

| SQ No. | Name of Project | Total Estimated Amount Rs. | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| KRM-G-01-2081/2082 | PROCUREMENT OF MEDICINE AND SURGICAL ITEMS | 12,48,877.5 /- | 31,500 /- | 1,000 /- |

**Chief Administrative Officer**



# Temkemaiyung Rural Municipality
## Office of the Rural Municipal Executive

**Annapurna, Bhojpur**
**Koshi Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2081-11-25 (2025-03-09)**

1. Temkemaiyung Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID. No. | Description of work | Estimated Amount (With VAT) | Cost of Bid Document | Bid Security Amount | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | 09/BHO/TRM/BLD/081/82 | Construction of Health Post Building at Temkemaiyung RM Ward No. 09 | NRs. 36,85,763.70 | NRs. 3,000.00 | NRs. 95,000.00 | 90 days | 120 days |
| 2. | 10/BHO/TRM/BLD/081/82 | Construction of Basic Health Care Center Building at Temkemaiyung RM Ward No. 01 | NRs. 37,69,387.06 | NRs. 3,000.00 | NRs. 95,000.00 | 90 days | 120 days |
| 3. | 11/BHO/TRM/LFS/081/82 | Construction of Dumping Site for Recycle, Reculture and Management of Solid Waste at Temkemaiyung RM Ward No. 03 | NRs. 87,29,140.07 | NRs. 3,000.00 | NRs. 2,20,000.00 | 90 days | 120 days |

2. All bidders shall only submit their bid electronically and bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hour on 2081-12-26 (2025-04-08). For more detail information download the bidding document and visit the office website www.tyamkemaiyummun.gov.np

**Chief Administrative Officer**